# काठमाडौँ महानगरपालिका

काठमाडौँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## विद्यालयको लेखापरीक्षण गर्न आशय पत्र माग गरिएको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८०।४।३२

काठमाडौँ महानगरपालिका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ को परिच्छेद १५ नियम ८७ को (१) बमोजिम यस काठमाडौँ महानगरपालिका क्षेत्र भित्र सञ्चालित विद्यालयहरुको आ.व. २०७९।०८० को अन्तिम लेखापरीक्षणको लागि दर्तावाला लेखापरीक्षकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र तपशिल बमोजिम स्क्यान (Scan) कपी कागजातहरु संलग्न गरी तल उल्लेखित इमेल ठेगानामा पठाउनु पर्नेछ । आशय पत्र पेश गर्दा कुनै शुल्क लाग्ने छैन । आवेदकले आशय पत्रमा आफ्नो सम्पर्क नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । लेखापरीक्षण गरे वापतको पारिश्रमिक काठमाडौँ महानगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७५ मा तोकिए बमोजिम हुनेछ । थप जानकारी तथा सर्तहरु काठमाडौँ महानगरपालिकाको website www.kathmandu.gov.np मा हेर्न सकिनेछ ।

**तपशिल**

**(क) सामुदायिक विद्यालयको हकमा :**

सम्बन्धित ईच्छुक लेखापरीक्षक स्वंयले लेखापरीक्षण गर्ने आशयको निवेदन र सूचनामा उल्लेखित कागजात तथा प्रमाणपत्रहरु स्क्यान (Scan) गरी तोकिएको समय भित्र तल दिईएको इमेल ठेगानामा पठाउन पर्नेछ । आशय पत्रको Hard copy स्वीकार गरिने छैन ।

**सम्लग्न गर्नुपर्ने कागजातहरु :**

१. आशय पत्रको निवेदन २. लेखापरीक्षणको ईजाजत प्रमाणपत्र ३. आ.व.२०८०।०८१ को लागी लेखापरीक्षण गर्न नविकरण गरेको प्रमाण ४. आ.व.२०७९।०८० को करचुक्ता प्रमाणपत्र ५.प्रोपराईटरको नागरिकताको प्रमाणपत्र ।

*(**नोट** : यदि कुनै आवेदक आ.व.२०७८।०७९ मा काठमाडौँ महानगरपालिका अन्तरगर्तका विद्यालयको लेखापरीक्षण गर्न छनोट भएकाको भए, तोकिएको समयमै नियुक्तिपत्र लिएको र लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन बुझाएको हुनुपर्ने छ ।)*

**(ख) संस्थागत विद्यालयको हकमा :**

लेखापरीक्षणको लागी ईजाजत प्राप्त लेखापरीक्षकबाट चालु आ.व.२०८०।०८१ का लागि नविकरण गरेको र आ.व.२०७९।०८० को करचुक्ता गरेका लेखापरीक्षक मध्येबाट सम्बन्धित विद्यालयले सिफारीश गरेको पत्र पेश गर्नु पर्नेछ ।

**आशय पत्र पठाउने ईमेल ठेगाना : internalaudit@kathmandu.gov.np**

यस सम्बन्धमा थप जानकारीका लागि शिक्षा विभाग (तोइन्द्रराज सापकोटा, मो.नं.९८४१३२४०३९) र आन्तरिक लेखापरीक्षण एकाइ (डम्बर वोगटी, मो.नं. ९८६९०७९५७४) काठमाडौँ महानगरपालिका, काठमाडौँ प्लाजा, कमलादीमा सम्पर्क गर्न सकिनेछ ।